डि.स.का. दर्ता नं. १२८२/०६५
स्थायी लेखा नं.: ३०३७००८६१
website:atalpanchkunda.coop.np

"सहकार्य गरौं, सम्मृद्ध बनौं"

सहकार्य र सम्मृद्धिको लागि

अटल पाँचकुण्ड

बचत तथा ऋण सहकारी संस्था लि.

Atal Panchkunda Saving & Credit Co-operative Ltd.

प.सं : २०८३/०८४ च नं.: १७ मिति : २०८३/०५/०१

श्री सेयर सदस्यज्यूहरू,

दसौँ वार्षिक साधारण सभासम्बन्धी सूचना

यस संस्थाको मिति २०८३ साउन ०२ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार निम्नलिखित मिति, समय र स्थानमा संस्थाको *दसौँ वार्षिक साधारण सभा* हुने भएकाले उपस्थितिका लागि अनुरोध गरिन्छ ।

साधारण सभा कार्यक्रम

मिति : २०८३ भदौ २० गते, शनिबार

समय : बिहान ११:०० बजे

स्थान : सेतिदेवी उपभोक्ता समिति भवन, धुलिखेल–४, बखुण्डोल

साधारण सभामा छलफलका विषयहरू :

१. साधारण सभाका निर्णयहरु प्रमाणित गर्न प्रतिनिधि मनोनयन गर्ने सम्बन्धमा
२. सञ्चालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०८२/०८३ को वार्षिक प्रगति प्रतिवेदन पारित गर्ने सम्बन्धमा
३. सञ्चालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०८३/०८४ को प्रस्तावित वार्षिक कार्यक्रम तथा बजेट पारित गर्ने सम्बन्धमा
४. लेखा सुपरीवेक्षण समितिको तर्फबाट प्रस्तुत आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा
५. आ.व. २०८२/०८३ को लेखा परीक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा
६. आ.व. २०८३/०८४ को लागि लेखापरीक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा
७. सेयर लाभांश वितरण प्रस्ताब पारित गर्ने सम्बन्धमा
८. स्थिरिकरण कोषमा सहभागिता सम्बन्धमा
९. विनियम संशोधन पारित गर्ने सम्बन्धमा
१०. विविध

पुनश्च:

- सभामा स्वयम् उपस्थित हुने सदस्यहरुलाई मात्र खाजा खर्चबापत रु. ३०० (तीन सय रुपैँया मात्र) प्रदान गरिनेछ ।

मिति	सदस्यता नं.	समय	स्थान
२०८३ भदौ १८ गते, बिहिबार	०००१ देखि ०७५० सम्म २००१ देखि २७५० सम्म ७००१ देखि ७५६९ सम्म	बिहान ८:०० बजेदेखि दिउँसो ५:०० बजेसम्म	संस्थाको २८ किलो कार्यालय
२०८३ भदौ १९ गते, शुक्रबार	०७५१ देखि १५६३ सम्म २७५१ देखि ३४९९ सम्म ८००१ देखि ८०६१ सम्म	बिहान ८:०० बजेदेखि दिउँसो ५:०० बजेसम्म	संस्थाको २८ किलो कार्यालय
२०८३ भदौ २० गते, शनिबार	*उक्त दिनहरुमा उपस्थित हुन नसक्ने सदस्यहरु*	*बिहान ८:०० बजेदेखि २:०० बजेसम्म*	सेतिदेवी उपभोक्ता समिति भवन,धुलिखेल–४, बखुण्डोल

- साधारण सभामा उपस्थिति जनाउने सेयर सदस्यज्यूहरुले परिचय खुल्ने पत्र अनिवार्य लिएर आउनु पर्नेछ ।
- ६ महिनादेखि नियमित बचत रोकिएका र ऋणको भाखा नाघेका सदस्यहरुलाई खाजा खर्चबापतको रकम उपलब्ध गराइने छैन ।
- २०८३ साउन मसान्तसम्म सदस्यता प्राप्त गर्नु भएका सदस्यहरुलाई मात्र साधारण सभामा सहभागी गराइनेछ।
- KYM विवरण अध्यावधिक गर्न बाँकी सदस्यहरुले नागरिकता र १ प्रति फोटो सहित उपस्थित हुनुहोला।

जयराम कुइँकेल, सचिव

email:atalpanchkunda@gmail.com
मुख्य कार्यालय: धुलिखेल-४, काभ्रेपलाञ्चोक
फोन नं.: ०११-४१५०४२/४१५१०४
बुढोल सेवा कार्यालय : बनेपा-६, बुढोल, फोन नं.: ०११-६६३०१८

यसभित्र

१. अध्यक्षको सन्देश
२. उपाध्यक्षको स्वागत मन्तव्य
३. सचिवको प्रतिवेदन
४. कोषाध्यक्षको आर्थिक प्रतिवेदन
५. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन
६. लेखा परीक्षकको प्रतिवेदन (NFRS)
७. स्थिति विवरण पत्र (वासलात)
८. आय विवरण
९. कोष बाँडफाँड विवरण
१०. नगद प्रवाह विवरण
११. इक्विटी परिवर्तन
१२. अनुसूचीहरू
१३. पर्ल्स

प्रकाशन समूह
संयोजक : जयराम कुइँकेल
सदस्य : प्रकाश रिमाल
सदस्य : श्रीराम तिमल्सिना

मुद्रणः **सर्वश्री क्वालिटी प्रिन्टर्स**

अध्यक्षको सन्देश



कमल बहादुर राय

अटल पाँचकुण्ड बचत तथा ऋण सहकारी संस्थाको १० औँ वार्षिक साधारण सभामा उपस्थित आदरणीय सेयर सदस्यज्यूहरू, सञ्चालक समितिका पदाधिकारी तथा सञ्चालक सदस्य साथीहरू, लेखा सुपरीवेक्षण समितिका संयोजक एवम् सदस्यज्यूहरू,, सल्लाहकारज्यूहरू, विभिन्न उपसमितिका सदस्यहरू, कर्मचारी साथीहरू, पत्रकार मित्रहरू, लगाएत यो सभालाई सभ्य र भव्य रुपया सफल पार्न उपस्थित सम्पूर्ण महानुभावहरू,मा मेरो व्यक्तिगत तथा संस्थाको तर्फबाट हार्दिक नमन गर्दछु। सर्वप्रथम यो कार्यक्रमलाई सम्पन्न गर्न सहयोगी भूमिका निर्वाह गर्नुहुने सम्पूर्णमा आभार प्रकट गर्दछु।

आज हामीलाई गर्व लागेको छ। यति धेरै चुनौती र समस्याहरूको बिच यस संस्थालाई सवल र सक्षम संस्थाको रूपमा स्थापित गराईराख्न सफल भएकोमा, अटल पाँचकुण्ड साकोसलाई साँचै अटल बनाउन अहम भूमिका खेल्नु हुने इमान्दार, मिहिनेती र अनुसाशित कर्मचारीहरू,, समिति उपसमितिका सक्रिय कर्तब्यबोध सदस्यहरू र संस्थालाई अपनत्व ग्रहण गरी संस्थाको हरेक क्रियाकलापमा सक्रिय सहभागीता जनाई हामीलाई विश्वास गर्ने आदराणिय सेयर सदस्यज्यूहरूमा म पुन एकपटक आभार तथा कृतज्ञता व्यक्त गर्न चाहन्छु।

सहकार्य गरौं समृद्ध बनौं भन्ने मूल नाराका साथ स्थापित यस अटल पाँचकुण्ड साकोसले ९ औँ वर्ष पार गरी आज दसौँ बर्षमा प्रवेश गरी आफ्ना सेवाहरू, प्रवाह गर्न गइरहेको छ। यस अवस्थासम्म आइपुग्दा संस्थाले थुपै उतारचढाब भोगेको कुरा यहाँहरू, माझ दर्शाउन चाहन्छु।

राज्य सरकारको नीति नियम मापदण्ड र निर्देशिकाले गर्दा कुन समयमा के गर्ने भन्ने कुराको पनि अन्योलता छाएको छ । वर्षमा दुई तिनपटक निर्देशिका जारी हुनु र मापदण्ड तोकिनु पनि सहकारी संस्था सञ्चालन गर्ने कार्यमा चुनौती र असमन्जस्यता पैदा भएको सहकारी संस्थाहरूलाई सुशासनमा राख्नु राज्यको दायित्व हो। जुन कार्यकोलागि निश्चित ऐन कानुन र मापदण्ड चाहिन्छ । तर समय समयमा विभिन्न उपल्लो निकायबाट जारी हुने निर्देशिकाले संस्था सञ्चालन कार्यमा थप समस्या सृजित भएको छ।

आदरणीय सेयर सदस्यज्यूहरू,

राज्य सरकारले अर्थतन्त्रलाई व्यवस्थित रुपमा चलायामान गर्न नसक्नुले गर्दा सहकारी तथा वित्तिय संघ संस्थाहरुको तरलता बृद्धि भएको छ । लगानीको श्रोतहरू निष्कृय भएकाले पूँजी परिचालनमा समस्या आएको छ । लगानीका श्रोतहरु स्पष्ट नहुँदा ऋण लगानीको माग कम भएर गएको छ। उद्योग कलकाराखाना राम्रोसँग सञ्चालन नहुनुले गर्दा लगानीकताहर्रु व्यवसायप्रति विश्वस्त हुन सकेका छैनन्। जसको असर बैंक तथा वित्तिय संस्थाहरूमा प्रत्यक्षरुपमा परेको छ । उत्पादनमूलक क्षेत्रको पहिचान हुन नसक्दा बचत तथा ऋण सहकारी संस्थाले लगानी र असुलीमा समस्या खेप्न परेको छ । केहि गलत मानसिकता बोकेका सञ्चालक तथा कर्मचारीहरूको कारण सिंगो सहकारी सञ्जालनै बदनाम भएको छ ।

सहकारीमा म र मेरो भन्ने भावनाको विकास हुनु हुँदैन। सदैब हामी र हाम्रो भन्ने साजा भावना हुनुपर्छ। एकताको बलबाट नै सफलता मिल्छ। सहकारीमा पनि त्रिपक्षीय एकता हुनुपर्छ, जस्तै सञ्चालक, सेयर सदस्यहरु र कर्मचारीहरुको सहकार्य र एकताबाट सञ्चालित सहकारी संस्था कहिलेपनि नासिने विग्रने अवस्थामा पुग्दैन ।

आदरणिय सेयर सदस्य महानुभावहरु, अबका दिनहरूमा सहकारी संस्थाहरूलाई राज्य सरकारले धेरै कुरामा अंकुश लगाउँदै आएको छ। राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्वारा जारी गरेका नीति, निर्देशन र मापदण्डहरू पूर्ण पालना हुनुपर्ने, सेवा केन्द्र विस्तार तथा सञ्चालन गर्न नपाइने, साधारण सभामा सदस्यहरूलाई दिइने गरेको परिवहन खर्च वितरण गर्न नपाइने, कर्जा जोखिम कोषको पूर्ण पालना नगरी सदस्यहरूलाई मुनाफा बाडँफाडँ गर्न नपाइने यदि सो कार्य गरेमा सञ्चालक र व्यवस्थापकले कानूनी कारबाहि भोग्नुपर्ने जस्ता निर्देशनहरू जारी भएका छन् । हरेक सहकारी संस्थाहरू कर्जा सूचना केन्द्रमा अनिवार्य दर्ता हुनुपर्ने व्यवस्था सहकारी नियमन प्राधिकरणबाट निर्देशन जारी भएको छ । सोहि सम्बन्धमा यस संस्था राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा आधिकारिक रुपमा दर्ता भएको छ । साथै, कर्जा जोखिम कोषको समेत सदस्यता प्राप्त गरेको र यस संस्थाले सम्पत्ति शुद्धिकरण निवारण ऐन बमोजिम सदस्यहरुको विवरण अध्यावधिक गर्ने कार्य, वित्तिय ईकाइमा सिमा कारोवार प्रतिवेदनको जानकारी लगायतका प्रतिवेदनहरु नियमित रुपमा पठाईएको ब्यहोरा जानकारी गराउँदछु ।

देशमा अर्थतन्त्रको चलायमान हुन नसक्दा हरेक सहकारी संस्थाहरूमा तरलता बृद्धि भएको छ। विश्व बजारमा आर्थिक मन्दी, युद्ध, महामारी र दैविक विपत्तिको प्रत्यक्ष असर हाम्रो देशमा पनि परेको छ। विश्वबचार आर्थिक चपेटामा पर्दा नेपालमा व्यवसायहरू सञ्चालन हुन नसक्दा मानिसको आय आर्जनमा ह्रास आई त्यसको प्रत्यक्ष असर सहकारी तथा वित्तिय संस्थाका आर्थिक कारोबारमा परेको छ। जसबाट यस अटल पाँचकुण्ड पनि अछुतो रहन सकेन। ऋण लगानीको मागहरू अपेक्षा गरेभन्दा अत्यन्त न्यून रहनु र पाकेको ब्याजहरू उठ्न नसक्नुले गर्दा विगतका वर्षमा प्राप्त भएका मुनाफा यस वर्ष कमी हुन गएको। सहकारी मूल्य, मान्यता र सिद्धान्तमा रहि राष्ट्र बैंकले जारी गरेका निर्देशन मापदण्डको पालन गर्दै राष्ट्रिय सहकारी नियमन प्राधिकरणका निर्देशन मापदण्डका सूचकहरूको पालन गरी आजको यस वार्षिक साधारण सभामा संस्थाको तर्फबाट प्रस्तुत हुने २०८३/०८४ को बजेट तथा कार्यक्रमहरूलाई यहाँहरूले आफ्नो महत्वपूर्ण सल्लाह र सुझाव सहितको छलफलबाट पारित गर्नुहुनेछ भन्ने मैले पूर्ण विश्वास लिएको छु। विकृति बिसंगतीलाई चिर्दै सुशासन, पारदर्शिता र सबल संस्था बनाउने कार्यमा यहाँहरूको महत्वपूर्ण भूमिका रहने भएकोले सबैमा म अनुरोध पनि गर्न चाहने र आफूले पाएको जिम्मेवारीलाई इमान्दारीपूर्वक निर्वाह गर्ने प्रण गर्दछु ।

अन्त्यमा, आजको यस साकोसलाई नगरको नमुना साकोस बनाउन संस्थाको हरेक कार्यक्रमहरूमा सेयर सदस्यज्यूहरूको सक्रिय सहभागीताको अपेक्षा गर्दै यहाँहरूको सल्लाह सुझाव र संस्थागत विकासकालागि सहयोगको पूर्ण आशा र विश्वास राख्दै आजको यस गरिमामय सभालाई सफल बनाउने सहयोगी सञ्चालक समितिका मित्रहरू, सल्लाहकाज्यूहरू, लेखा सुपरीवेक्षण समितिको संयोजक तथा सदस्यहरु, विभिन्न उपसमितिका साथीहरू, बाल बचतकर्ता भाइबहिनीहरू, कर्मचारी मित्रहरू, पत्रकार साथीहरू र विशेषत यस कार्यक्रमको महत्वपूर्ण भूमिकामा रहनुहुने आदरणिय सेयर सदस्यज्यूहरू लगायत उपस्थित सम्पूर्ण महानुभावहरूमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । साथै कार्यक्रम सम्पन गर्न हामीलाई हल प्रदान गर्नुहने सेतिदेवी बहुउद्देश्यीय उपभोक्ता समिति लगायत प्रत्यक्ष वा अप्रत्यक्षरुपमा भूमिका निर्वाह गर्नुहुने सम्पूर्णमा हार्दिक धन्यबाद व्यक्त गर्दछु ।

जय सहकारी, जय अटल पाँचकुण्ड

सचिवको प्रगति प्रतिवेदन



जयराम कुइँकेल

सभाका सभाध्यक्ष महोदय, सहकारीकर्मी, पत्रकारज्यूहरू, संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकारज्यूहरु विभिन्न उपसमिति, कर्मचारी साथीहरू एवम् आदरणीय सदस्य महानुभावहरू, संस्थाको १० औँ वार्षिक साधारण सभालाई सफलतापूर्वक सम्पन्न गर्नका लागि उपस्थित हुनुभएका आदरणीय सदस्य महानुभावहरूप्रति हार्दिक आभार प्रकट गर्दै स्वागत अभिवादन गर्न चाहन्छु। साथै आजको यस अवसरमा हाम्रो सामुन्ने आइरहेका पर्वहरू विजयादशमी, दीपावली तथा नेपाल संवत् ११४६ उपलक्ष्यमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु।

आदरणीय सेयर सदस्यज्यूहरू,

सहभागिता र आपसी विश्वासलाई आधार बनाउँदै संस्थाले आफ्नो उद्देश्यअनुरूप निरन्तर सेवा प्रदान गर्दै आएको यहाँहरूमा विदितै छ। यस संस्थाको सचिवको हैसियतले संस्थाको वार्षिक प्रगति, वर्तमान अवस्था, देखिएका चुनौती तथा आगामी दिनमा संस्थाले निर्वाह गर्नुपर्ने दायित्व समेटिएको यो वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु।

- **संस्थाको वर्तमान अवस्था**

सहकारी क्षेत्र पछिल्लो समय विभिन्न आर्थिक तथा सामाजिक चुनौतीबाट गुज्रिरहेको अवस्थामा हाम्रो संस्था पनि त्यसबाट पूर्ण रूपमा अछुतो रहन सकेको छैन। सदस्यहरूको बचत सुरक्षित राख्ने, आवश्यकताअनुसार ऋण प्रवाह गर्ने तथा सदस्यहरूको आर्थिक गतिविधिलाई सहयोग गर्ने मुख्य उद्देश्यका साथ संस्था अगाडि बढिरहेको छ। संस्थाप्रति सदस्यहरूको विश्वास कायम राख्नु, वित्तीय अनुशासनलाई प्राथमिकता दिनु, बचत तथा ऋण कारोबारलाई व्यवस्थित बनाउनु र संस्थाको आर्थिक अवस्था सुदृढ बनाउनु वर्तमान समयमा हाम्रो प्रमुख प्राथमिकता हो। संस्थाको वास्तविक शक्ति भनेको यसको सेयर सदस्य, बचतकर्ता र ऋणी सदस्यहरूको विश्वास तथा सहभागिता हो। त्यसैले सदस्यहरूको हितलाई केन्द्रमा राखेर पारदर्शी, जिम्मेवार र सदस्यकेन्द्रित सेवा प्रदान गर्नु संस्थाको मूल दायित्व हो।

- **संस्थाले हासिल गरेका महत्वपूर्ण उपलब्धिहरू**

संस्थाले सीमित स्रोत र साधनका बावजुद सदस्यहरूको आर्थिक आवश्यकता पूरा गर्न बचत तथा ऋण सेवा सञ्चालन गर्दै आएको छ। संस्थाको नियमित प्रशासनिक तथा वित्तीय कार्यलाई व्यवस्थित बनाउने, सदस्यहरूसँगको सम्बन्धलाई सुदृढ गर्ने तथा संस्थागत सुशासन कायम गर्ने दिशामा निरन्तर प्रयास गरिएको छ। त्यसैगरी, सदस्यहरूलाई बचत गर्ने बानीको विकास गराउने, आवश्यकताअनुसार ऋण उपलब्ध गराउने, ऋणको सदुपयोग तथा नियमित भुक्तानीतर्फ सदस्यहरूलाई अभिप्रेरित गर्ने र वित्तीय साक्षरतालाई प्रथमिकतामा राखी वित्तीय शिक्षा कार्यलाई प्राथमिकता दिइएको छ।

- **वर्तमान चुनौतीहरू**

वर्तमान समयमा संस्थाले तरलता व्यवस्थापन, ऋण असुली, सदस्यहरूको आर्थिक अवस्था, बढ्दो सञ्चालन खर्च तथा सदस्यहरूको विश्वास कायम राख्ने विषयमा चुनौती सामना गरिरहेका छन्। हाम्रो संस्थाका लागि पनि ऋण असुलीलाई प्रभावकारी बनाउने, निष्क्रिय तथा समस्याग्रस्त ऋणलाई व्यवस्थापन गर्ने, तरलता सन्तुलन कायम गर्ने र संस्थाको वित्तीय अनुशासनलाई अझ मजबुत बनाउने कार्य महत्वपूर्ण चुनौतीका रूपमा रहेका छन्। यी चुनौतीहरूलाई अवसरका रूपमा लिएर संस्थाको आन्तरिक प्रणालीलाई थप व्यवस्थित, पारदर्शी र जवाफदेही बनाउँदै अगाडि बढ्नु आवश्यक छ।

- **संस्थाको प्रमुख दायित्व**

अबको समयमा संस्थाको सबैभन्दा महत्वपूर्ण दायित्व भनेको सदस्यहरूको बचतको सुरक्षा र संस्थाको वित्तीय स्थायित्व कायम गर्नु हो। यसका लागि सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, कर्मचारी तथा सम्पूर्ण सदस्यहरूबिच प्रभावकारी समन्वय आवश्यक छ।

सभाध्यक्ष महोदय,

अब म यस सम्मानीय साधारण सभा समक्ष गत आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रगति विवरण तथा चालु आर्थिक वर्ष २०८३/०८४ का लागि वार्षिक कार्यक्रमहरू यस प्रतिवेदनमार्फत यस सम्मानित १० औँ वार्षिक साधारण सभासमक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु।

संस्थामा आ.व. २०८२/०८३ मा भएका गतिविधिहरू

१. सदस्यता :

२०८३ असार मसान्तसम्म यस संस्थामा रहनु भएको सदस्य सङ्ख्या यसप्रकार छ :

महिला	१९४२ (एक हजार नौ सय बयालिस जना)
पुरुष	१५३१ (एक हजार पाँच सय एकतिस जना)
संस्थागत	२३ (तेइस)
बाल बचतकर्ता	१०९६ (एक हजार छयानब्बे जना)
जम्मा	४५९२ जना (चार हजार पाँच सय बयानब्बे जना)

२. बैठक सञ्चालन

२०८२/०८३ मा सञ्चालक समिति, लेखा तथा सुपरिवेक्षण समिति र अन्य उपसमितिको बैठक सङ्ख्या निम्नानुसार भएको थियो :

१. सञ्चालक समिति	१४ पटक
२. लेखा तथा सुपरिवेक्षण समिति	३ पटक
३. शिक्षा उपसमिति	६ पटक
४. महिला उपसमिति	५ पटक
५. ऋण उपसमिति	२० पटक
६. कार्यालय व्यवस्थापन उपसमिति	६ पटक
७. कृषि उपसमिति	५ पटक
८. सामाजिक तथा साँस्कृतिक उपसमिति	४ पटक
९. समीक्षा बैठक	४ पटक

३. आवद्धता

संस्थाको छाता सङ्घहरू तथा अन्य संस्थाहरूमा आवद्धता :

(क) नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ लि. (नेफस्कुन)
(ख) काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि.
(ग) जिल्ला सहकारी सङ्घ लि., काभ्रे
(घ) राष्ट्रिय सहकारी बैङ्क लि.
(ङ) धुलिखेल नगरपालिका कार्यालय
(च) बनेपा नगरपालिका कार्यालय
(छ) धुलिखेल उद्योग वाणिज्य सङ्घ
(ज) राष्ट्रिय समृद्ध आवास विशिष्टिकृत सहकारी सङ्घ लि.
(झ) वागमती प्रदेश बचत तथा ऋण सहकारी सङ्घ लि.

४. सम्पन्न भएका कार्यक्रमहरू :

क्र.स.	कार्यक्रम	सम्पन्न मिति	विस्तृतिकरण
१.	९ औँ वार्षिक साधारण सभा र कक्षा १२ उत्तीर्ण सम्मान	२०८२ भदौ २१ गते	कार्यक्रममा उत्कृष्ट ऋणी, उत्कृष्ट बचतकर्ता, उत्कृष्ट सेयर खरिद, उत्कृष्ट वार्षिक कारोबार, सदस्यता वृद्धिमा योगदान गर्ने सदस्यहरूको घोषणा गरी सम्मान र कक्षा १२ उत्तिर्ण सम्मान, सञ्चालक समितिको निर्वाचन
२.	उपसमितिहरू पुनर्गठन	२०८२ असोज ४ गते	ऋण, महिला, शिक्षा, कृषि, कार्यालय व्यवस्थापन, सामाजिक तथा साँस्कृतिक, पदपूर्ति र खरिद
३	शुभकामना आदानप्रदान	२०८२ असोज ११ गते	संस्थाको कार्यालय
४	लक्ष्मी पूजा	२०८२ कात्तिक ३ गते	संस्थाको कार्यालय
५	नेतृत्व विकास तालिम	२०८२ कात्तिक २२ गते	सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, उपसमिति र कर्मचारी
६	कृषकसँग अन्तरक्रिया कार्यक्रम	२०८२ मङ्सिर १२ गते	संस्थाको कार्यालय (तरकारीको विउ वितरण)
७	सदस्य बनभोज	२०८२ मङ्सिर २७ गते	सुवर्णेश्वर महादेव, कटुञ्जे
८	बाल बचतकर्ताहरूको अवलोकन भ्रमण	२०८२ पुस २६ गते	टाईगर लिलि पेटिङ्ग फार्म, भक्तपुर

९	सदस्य भ्रमण	२०८२ माघ १५, १६ र १७ गते	कन्याम, धरान, बराह क्षेत्र
१०	विद्यालयमा अटल पाँचकुण्ड	२०८२ फागुन १० गते	चैतन्य माध्यामिक विद्यालय
११	दिदी बहिनी भेटघाट कार्यक्रम	२०८२ फागुन २३ गते	मनकामना (लेले, ललितपुर)
१२	सामुदायिक कार्यक्रम	२०८२ फागुन २९ गते	हेल्प नेपाल
१३	अभिमूखिकरण कार्यक्रम	२०८२ फागुन ३० गते	सेतिदेवी उपभोक्ता समिति भवन
१४	९ औँ वार्षिकोत्सव	२०८२ चैत १५ गते	ज्येष्ठ सदस्य सम्मान, रक्तदान शिविर
१५	जेष्ठ सदस्य तिर्थाटन	२०८२ चैत १७ गते	डोलेश्वर महादेव मन्दिर
१६	सहकारी अवलोकन	२०८२ चैत महिना	पदाधिकारी र उपसमितिबाट ४ वटा सहकारीको अवलोकन (सिद्धि गणेश साकोस, चण्डेश्री साकोस, मनकामना साकोस र ज्योती मिर्मिरे सामुहिक साकोस)
१७	अवलोकन भ्रमण (सल्लाहकार, सञ्चालक समिति, लेखा समिति, उपसमिति र कर्मचारी)	२०८२ चैत्र २७, २८ र २९ गते	ओखलढुङ्गा, सोलु, सल्लेरी
१८	भित्तेपात्रो प्रकाशन	नयाँ वर्ष २०८३	
१९	सिपमूलक तालिम	२०८३ जेठ १५ र १६ गते	संस्थाको कार्यालय
२०	सहकारी शिक्षा तथा सदस्य विस्तार कार्यक्रम	२०८३ जेठ ३० गते	नमुना बस्ती, गुम्बा मार्ग, बने पा ६

५. संस्थाबाट निरन्तर प्रदान गरिने सुबिधाहरू र यस वर्षको प्रगति :

क्र.स.	सुविधाहरू	सेवा उपलब्ध
१.	सुत्केरी भेटघाट	२७ जना, नवजात शिशुको नाममा खुत्रुके प्रदान गरी संस्थामा आबद्ध गराउने कार्य
२	कापी पेन्सिल वितरण	बाल बचतकर्ताहरूलाई
४.	सहानुभूति राहत कोष (मृत्यू पश्चात्)	८ जनाको परिवारलाई

५.	रेमिट्यान्स सेवा	३० ओटा रेमिट्यान्स
७	स्वास्थ्य उपचार सहयोग	७ जना
८	उत्कृष्ट मासिक सदस्य पुरस्कार	१२ जना

६. कार्यक्रममा सहभागिता :

क्र.स.	कार्यक्रम	संस्था	सहभागिता
१.	साधारण सभा	जिल्ला सहकारी सङ्घ, काभ्रेपलाञ्चोक	कमलबहादुर राय
२.	साधारण सभा	नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी सङ्घ	भरतबहादुर के.सी. खत्री
३.	साधारण सभा	काभ्रेपलाञ्चोक बचत तथा ऋण सहकारी सङ्घ	जनक तिमल्सिना
४.	साधारण सभा	राष्ट्रिय सहकारी बैंक	जयराम कुइँकेल
५.	अतिथि	पञ्चकुमारी बहुद्धेश्यीय सहकारी संस्था लि.	जनक तिमल्सिना
६.	साधारण सभा	म्यानेजर्स क्लब काभ्रे	श्रीराम तिमल्सिना
७.	गोष्ठि	नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी सङ्घ	भरतबहादुर के.सी. खत्री

८. कर्मचारी ब्यवस्थापन सम्बन्धमा

- संस्थामा कार्यरत बजार प्रतिनिधि पदमा सम्झना बस्नेतलाई स्थायी नियुक्ति प्रदान गरियो ।
- बजार प्रतिनिधि पदमा विसिराम थापा र कार्यालय सहायक पदमा अस्मिता पराजुलीलाई अस्थायी नियुक्ति प्रदान गरियो ।

९. आगामी आ.व. मा २०८३/०८४ मा गरिने कार्यक्रमहरू :

१	नीति निर्माण कार्यशाला	१२	सदस्य भ्रमण
२	समीक्षा बैठक	१३	स्वास्थ्य शिविर
३	सहकारी शिक्षा कार्यक्रम / घरदैलो कार्यक्रम	१४	सञ्चालक भ्रमण
४	तालिम	१५	स्थापना दिवस /जेष्ठ सदस्य सम्मान
५	सामुदायिक कार्यक्रम	१६	स्वास्थ्य शिविर /रक्तदान
६	दिदी बहिनी भेटघाट	१७	सहकारी दिवस
७	लक्ष्मी पूजा	१८	बाल सामग्री वितरण
८	सदस्य वनभोज	१९	कक्षा १२ उत्तीर्ण सम्मान
९	कृषि कार्यक्रम	२०	सहकारी शिक्षा कार्यक्रम
१०	सिपमुलक तालिम	२१	सुत्केरी भेटघाट
११	बाल भ्रमण		

- आगामी कार्यदिशा

आगामी दिनमा अटल पाँचकुण्ड बचत तथा ऋण सहकारी संस्थालाई अझ सबल, विश्वसनीय, पारदर्शी र सदस्यकेन्द्रित संस्थाका रूपमा विकास गर्न हामी सबैको सामूहिक प्रयास आवश्यक छ ।

संस्थाको वित्तीय अवस्था सुधार गर्दै सदस्यहरूको आर्थिक तथा सामाजिक हितमा योगदान पुऱ्याउने, उत्पादनशील क्षेत्रमा ऋण लगानीलाई प्रोत्साहन गर्ने, नियमित बचतको संस्कार विकास गर्ने तथा सदस्यहरूको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने दिशामा संस्था अगाडि बढ्नुपर्छ ।

सहकारी केवल बचत संकलन र ऋण लगानी गर्ने संस्था मात्र नभई सदस्यहरूको आर्थिक समृद्धि र सामुदायिक विकासको साझेदार संस्था बन्नुपर्छ भन्ने हाम्रो मान्यता रहेको छ ।

संस्थाको प्रगति र स्थायित्व कुनै एक व्यक्ति वा समितिको प्रयासले मात्र सम्भव हुँदैन। यो सम्पूर्ण सदस्य,

सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, कर्मचारी तथा शुभेच्छुकहरूको साझा जिम्मेवारी हो ।

संस्थालाई आजको अवस्थामा ल्याउन योगदान पुऱ्याउनुहुने सम्पूर्ण शेयर सदस्यज्यूहरू, पूर्व तथा वर्तमान सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, कर्मचारी साथीहरू तथा सम्बन्धित सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

आगामी दिनमा पनि "सदस्यको हित, संस्थाको समृद्धि र समुदायको विकास" भन्ने मूल भावनाका साथ आपसी विश्वास, सहकार्य, पारदर्शिता र जिम्मेवारीलाई आत्मसात् गर्दै संस्था अगाडि बढ्ने विश्वास लिएको छु ।

अटल पाँचकुण्ड बचत तथा ऋण सहकारी संस्था लिमिटेड अझ सुदृढ, सुरक्षित, पारदर्शी र सदस्यहरूको विश्वासिलो सहकारी संस्थाका रूपमा स्थापित होस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

जय सहकारी, जय अटल पाँचकुण्ड

"जन्मदेखि मृत्युसम्म, अटल पाँचकुण्ड साकोस घर-घरसम्म"

जय सहकारी, जय अटल पाँचकुण्ड

कोषाध्यक्षको आर्थिक प्रतिवेदन



भरतबहादुर के.सी.

यस अटल पाँचकुण्ड बचत तथा ऋण सहकारी संस्था लि. को १० औँ वार्षिक साधारण सभाकासभाध्यक्ष महोदय, उपस्थित संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार ज्यूहरू, विभिन्न उपसमिति, कर्मचारी साथीहरू एवम् आदरणीय सदस्य महानुभावहरू तथा सम्पूर्ण उपस्थित शुभ चिन्तक महानुभावहरूमा सहकारीमय नमस्कार ।

यस अटल पाँचकुण्ड बचत तथा ऋण सहकारी संस्थालाई आजको यो अवस्थासम्म ल्याइपुऱ्याउन विभिन्न कालखण्डमा आ-आफ्नो क्षेत्रबाट पुऱ्याउनु भएको योगदानको उच्च कदर गर्दै उहाँहरू सम्पूर्णप्रति हार्दिक आभार प्रकट गर्दछु । साथै उहाँहरूले देख्नु भएको सपनालाई साकार पार्न आफ्नो क्षमताले भ्यायसम्मका प्रयासहरू गर्नकालागि निरन्तर रूपमा लागिपर्ने प्रण गर्दछु । मिति २०८२ भाद्र महिनाको २१ गते सम्पन्न ९औँ अधिवेशनबाट कोषाध्यक्षको रूपमा चयन भएदेखि नै संस्थाको मितव्ययीता, पारदर्शीता र पदीय जिम्मेवारीप्रतिको जवाफदेहितालाई मुल मन्त्रको रूपमा लिई कार्य सम्पादन गर्न लागी परिरहेको कुरा अनुरोध गर्दछु । केही गलत मनसाय भएका पात्रहरूका कारण आज सिङ्गो सहकारी क्षेत्र वदनाम छ । यसको प्रत्यक्ष अप्रत्यक्ष असर हाम्रो सहकारीमा पनि राम्रैसँग परिरहेको छ । आजको अवस्थामा सहकारीको वृद्धि विकास गर्न भन्दापनि संस्थालाई जीवन्त तुल्याई राख्नु मुख्य चुनौती बनेको छ । समुदायमा आधारित यस संस्थाले पुऱ्याएको गुणस्तरिय सेवा, सदस्यहरूको अटूट विश्वास, अपार माया, स्थानीय स्तरबाट उदाउनु भएका कर्मठ कर्मचारीहरू र सञ्चालक समिति तथा उपसमितिहरूको अथक प्रयासका कारण आज पनि हाम्रो संस्था आफ्नो क्षेत्रमा लोकप्रिय छ। उर्जाशील सल्लाहकारहरू, स्थानिय शिक्षा सेवी, सहकारीकर्मी, वुद्धिजीव वर्ग, समाजसेवी विभिन्न पेसा व्यवसायी र स्थानीय सरकारको सदभाव र सहयोगका कारण संस्था जस्तोसुकै चुनौतिहरू पार गर्दै आफूलाई मजवुद बनाउँदै अगाडि बढेको कुरामा विश्वस्त रहन अनुरोध गर्दछु ।

यस गरिमामय सभामा उपस्थित सम्पूर्ण महानुभावहरूमा संस्थाले आर्थिक वर्ष २०८२/०८३ मा गरेका आर्थिक गतिविधिहरूको प्रगती विवरण लेखा परिक्षण प्रतिवेदनबाट प्रष्ट नै छ । तथापी २०८२/०८३ मा भएका आर्थिक विवरण तथा २०८३/०८४ का लागि अनुमानित गरिएका बजेटबारे संक्षीप्त रूपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आ.व. २०८२/०८३ को प्राप्ति तथा आ.व. २०८३/०८४ को अनुमानित लक्ष्य बिवरण

सेयर सदस्य				
विवरण	असार मसान्त सम्म प्राप्त	यस वर्ष थप गर्ने लक्ष्य	२०८३/०८४ सम्मको अनुमानित	बृद्धि लक्ष्य %
सेयर सदस्य	३,४९६	२४०	३,७३६	६।८६
बाल बचतकर्ता	१,०९६	११०	१,२०६	१०।००
जम्मा	४,५९२	३५०	४,९४२	७६१

खर्च विवरण

क्र. सं.	विवरण	लक्ष्य	आ.व. ०८२/०८३ बजेट	आ.व. ०८२/०८३ को यथार्थ खर्च	आ.व. ०८३/०८४ को अनुमानित बजेट
क)	कार्यक्रम खर्च				
१	नीति निर्माण कार्यशाला	१	५०,०००।००	११,७००।००	५०,०००।००
२	समीक्षा गोष्ठी	४	१,००,०००।००	७७२००।००	१,००,०००।००
३	सहकारी शिक्षा/सदस्य विस्तार भेला	४	५,००,००।००	३,३९०।००	३६,०००।००
४	शिविर (स्वास्थ्य)/रक्तदान	२	५०,०००।००	३,५५०।००	५०,०००।००
५	स्थापना दिवस/ ज्येष्ठ सदस्य सम्मान	१	७५,०००।००	५३,६६०।००	७५,०००।००
६	शुभकामना आदानप्रदान र कक्षा १२ उत्तिर्ण सम्मान	१	३५,०००।००	१२,९४०।००	२५,०००।००
७	वाल बचतकर्ता कार्यक्रम	१	५०,०००।००	५,५००।००	५०,०००।००
८	सहकारी अवलोकनका साथै सञ्चालक र कर्मचारी भ्रमण	१	२,००,०००।००	१,२२,८२५।००	२,००,०००।००
९	सदस्य वनभोज	१	१,००,०००।००	५२,५४०।००	१,००,०००।००
१०	दिदी बहिनी भेटघाट कार्यक्रम	१	७५,०००।००	३१,०३०।००	७५,०००।००
११	तालिम तथा गोष्ठि खर्च (संचालक, लेखा, उपसमिति र कर्मचारी)	१	२,५०,०००।००	८५,३५०।००	२,५०,०००।००
१२	सुत्केरी भेटघाट	५०	१,४०,०००।००	५४,०००।००	१,००,०००।००
१३	सामाजिक कार्य भेटघाट		५०,०००।००	२१,३४५।००	५०,०००।००
१४	बाल सामग्री बितरण	११००	३,००,०००।००	२,७८,५०९।००	३,००,०००।००

१५	सदस्यहरूको भ्रमण		१,००,०००।००	९४,६३०।००	१,००,०००।००
१६	सदस्य राहत		२,००,०००।००	१,२०,८००।००	२,००,०००।००
१७	खुत्रुके बितरण	५०	३५,०००।००	१२,०००।००	२०,०००।००
१८	लक्ष्मी पूजा		१०,०००।००	४,६०८।००	१०,०००।००
१९	कृषि कार्यक्रम		५०,०००।००	६,०००।००	५०,०००।००
२०	सदस्य स्वास्थ्य उपचार		१,००,०००।००	१,३०,०००।००	१,००,०००।००
२१	सामुदायिक कार्यक्रम		३०,०००।००	४,६६०।००	३०,०००।००
	जम्मा कार्यक्रम		२०,५०,०००।००	१,१८६,२३७।००	१,९७१,०००।००
ख)	कर्मचारी		३७,००,०००।००	३१,२५,१४८।७९	३६,००,०००।००
ग)	साधारण सभा		१७,००,०००।००	१५,२०,९४३।४३	९,५०,०००।००
घ)	नविकरण				
१	नविकरण खर्च(सफ्टवेयर /मोबाईल बैंकिङ, वेभ)		१,५०,०००।००	१,५१,७४८।५०	२,००,०००।००
	जम्मा		१,५०,०००।००	१,५१,७४८।५०	२,००,०००।००
ङ)	मसलन्द/स्टेसनरी		२,००,०००।००	१,३२,९७३।७२	२,००,०००।००
च)	छपाई/प्रकाशन (भित्ते पात्रो, ब्रोसियर,क्याटलग र स्मारिका आदि)		१,५०,०००।००	६५,५६०।००	२,५०,०००।००
	जम्मा		३,५०,०००।००	१,९८,५३३।७२	४,५०,०००।००
छ)	सूचना सञ्चार, विद्युत, पानी				
१	टेलिफोन महशुल	१२	५०,०००।००	१६,७३०।००	३०,०००।००
२	ईन्टरनेट तथा प्रविधि	१२	८०,०००।००	३७,२९०।००	१,५०,०००।००
३	विद्युत महशुल	१२	६०,०००।००	६४,२८५।००	७०,०००।००
४	खानेपानी तथा ग्यास		२०,०००।००	११,७६५।००	२०,०००।००
	जम्मा		२,१०,०००।००	१,३०,०७०।००	२,७०,०००।००
ज)	घर भाडा				
१	मुख्य कार्यालय	१२	५,३०,०००।००	४,६२,०००।००	५,३०,०००।००
२	सेवा केन्द्र	१२	८०,०००।००	७९,२००।००	८०,०००।००
	जम्मा		६,१०,०००।००	५,४१,२००।००	६,१०,०००।००
झ)	पुरस्कार तथा सम्मान				
१	उत्कृष्ट सदस्य पुरस्कार	१२	१२,०००।००	१२,०००।००	१२,०००।००

२	उत्कृष्ट कर्मचारी	१	१०,०००।००	१०,०००।००	१०,०००।००
	जम्मा		२२,०००।००	२२,०००।००	२२,०००।००
ञ)	बैठक संचालन खर्च (बैठक भत्ता)		६,५०,०००।००	४,३५,४३६।००	६,५०,०००।००
ट)	सुशासन खर्च				
१	वाह्य लेखा परिक्षण	१	१,००,०००।००	९५,०००।००	१,००,०००।००
२	विमा	१	२,००,०००।००	१,११,५४९।५८	२,००,०००।००
	जम्मा		३,००,०००।००	२,०६,५४९।५८	३,००,०००।००
ठ)	चिया नास्ता/अतिथि सत्कार		१,००,०००।००	३४,९२५।००	७५,०००।००
ड)	मर्मत संभार				
१	मर्मत		१,००,०००।००	६६,७४८।५८	१,००,०००।००
२	फर्निसिङ		२,००,०००।००	०।००	१,००,०००।००
	जम्मा		३,००,०००।००	६६,७४८।५८	२,००,०००।००
ढ)	अन्य खर्च		५०,०००।००	७,०४१।१९	५०,०००।००
ण)	ह्रास खर्च (ह्रास कट्टी)		३,००,०००।००	२,२८,४२६।४६	३,००,०००।००
त)	वित्तीय तथा अन्य				
१	ऋण सुरक्षण		९,००,०००।००	१५,००,०००।००	१०,००,०००।००
२	बचतको व्याज		२,५५,००,०००।००	१८,६९६,३३१।९०	२०,०००,०००।००
	जम्मा		२६,४००,०००।००	२,०१,९६,३३१।९०	२,१०,००,०००।००
	कूल जम्मा		३,६८,९२,०००।००	२,५८,७७,८३०।१५	३,०६,४८,०००।००

पूँजी तथा दायित्व				
विवरण	असार मसान्त सम्म प्राप्त	यस वर्ष थपघट गर्ने लक्ष्य	२०८३/०८४ सम्मको अनुमानित	बृद्धि लक्ष्य %
सेयर हिसाब	३१,७१९,५००।००	३,१७१,९००।००	३४,८९१,४००।००	१०।००
जगेडा तथा अन्य कोष	३६,३२४,०४३।६२	५,०७०,०००।००	४१,३९४,०४३।६२	१३।९६
बचत हिसाब	३८१,७८९,३९५।५१	३८,१७८,९३९।५५	४१९,९६८,३३५।०६	१०।००
भुक्तानी दिनुपर्ने तथा अन्य दायित्व हिसाब	४,८२८,०९७।०२	२५८,२६०।४८	५,०८६,३५७।५०	५।३५
जम्मा	**४५४,६६१,०३६.१५**	**४६,६७९,१००.०३**	**५०१,३४०,१३६.१८**	**१०.२७**

०।००

सम्पति तथा जायदात				
विवरण	असार मसान्त सम्म प्राप्त	यस वर्ष थपघट गर्ने लक्ष्य	२०८३/०८४ सम्मको अनुमानित	बृद्धि लक्ष्य %
नगद तथा बैंक मौज्दात	१७७,९५६,६६३।८२	(२७,८१७,३५६।०७	१५०,१३९,३०७।७५	(१५।६३
लगानी हिसाब	५,७९५,१५८।७१	५,१७८,१७६।२२	१०,९७३,३३४।९३	८९।३५
ऋण लगानी हिसाब	२६६,९०३,५३१।१३	६८,५८८,६७९।७५	३३५,४९२,२१०।८८	२५।७०
पाउनुपर्ने हिसाब	२,४६३,३८४।६४	४९२,६७६।९३	२,९५६,०६१।५७	२०।००
सम्पति सामान हिसाब	८२६,९३४।०६	१६५,३८६।८१	९९२,३२०।८७	२०।००
अन्य सम्पति	७१५,३६३।८०	७१,५३६।३८	७८६,९००।१८	१०।००
जम्मा	**४५४,६६१,०३६।१६**	**४६,६७९,१००।०२**	**५०१,३४०,१३६।१८**	**१०।२७**

आम्दानी विवरण				
विवरण	असार मसान्त सम्म प्राप्त	यस वर्ष थपघट गर्ने लक्ष्य	२०८३/०८४ सम्मको अनुमानित	बृद्धि लक्ष्य %
ऋण लगानीबाट ब्याज आम्दानी	४१,०००,०००।००	३२,२५६,८९९।००	३७,०००,०००।००	१४।७०
अन्य आम्दानी	६,०००,०००।००	३,४७६,५३३।७२	४,५००,०००।००	२९।४४
जम्मा	**४७,०००,०००।००**	**३५,७३३,४३२।७२**	**४१,५००,०००।००**	१६।१४

खर्च विवरण				
विवरण	असार मसान्त सम्म प्राप्त	यस वर्ष थपघट गर्ने लक्ष्य	२०८३/०८४ सम्मको अनुमानित	बृद्धि लक्ष्य %
निक्षेप ब्याज खर्च	२५,५००,०००।००	१८,६९६,३३१।९०	२०,०००,०००।००	६।९७
कर्मचारी खर्च	३,६००,०००।००	३,१२५,१४८।७९	३,६००,०००।००	१५।१९
अन्य खर्च	७,१४२,०००।००	४,०५६,३४९।४६	७,०४८,०००।००	७३।७५
जम्मा	**३६,२४२,०००।००**	**२५,८७७,८३०।१५**	**३०,६४८,०००।००**	**१८।४३**

बचत/नाफा बिवरण				
विवरण	असार मसान्त सम्म प्राप्त	यस वर्ष थपघट गर्ने लक्ष्य	२०८३/०८४ सम्मको अनुमानित	बृद्धि लक्ष्य %
बचत/नाफा	१०,६५८,०००।००	९,८५५,६०२।५७	१०,८५२,०००।००	१०।११

साथै, यस सम्मानित सभा समक्ष यस वर्षको सेयर लाभाशं ८% का दरले वितरण गर्ने प्रस्ताव गर्दछु । सञ्चालक समिति र उपसमितिको बैठक भत्ता २००० (कर बाहेक) र १२५० (कर बाहेक) बृद्धि गर्नका लागि प्रस्ताव गर्दछु ।

अन्त्यमा,

यहाँहरूको बिगतका झैं आगामि दिनहरूमा पनि सहयोग, सल्लाह र सुझावको अपेक्षा गर्दै सल्लाहकार समिति, सञ्चालक समिति, विभिन्न उपसमिति सदस्यहरू, कर्मचारीहरू, सेयर सदस्यज्यूहरू र शुभचिन्तकज्यूहरूमा हार्दिक धन्यबाद दिन चाहन्छु ।

धन्यवाद

'जय सहकारी'

'जय अटल पाँचकुण्ड'

लेखा तथा सुपरिवेक्षण समितिको प्रतिवेदन



विष्णुप्रसाद शर्मा

अटल पाँचकुण्ड बचत तथा ऋण सहकारी संस्थाको १० औँ वार्षिक साधारण सभाका सभापतिज्यू, संस्थाका सल्लाहकारज्यूहरू, सञ्चालकसमिति र अन्य उपसमितिका पदाधिकारी एवम् सदस्यज्यूहरू, कार्यालय व्यवस्थापकज्यू, सम्पूर्ण कर्मचारी मित्रहरू र सम्पूर्ण सेयर सदस्यज्यूहरू हार्दिक अभिवादन ब्यक्त गर्दछु।

यस संस्था समुदायमा रहेर समुदायको सदस्यहरूबाट समुदायको सदस्यहरूको आर्थिक, सामाजीक एवम् सांस्कृतिक विकासकालागी खोलिएको बिशुद्ध समुदायमा आधारित सहकारी संस्था हो । वर्तमान अर्थ व्यवस्थामा न्यून आय भएका जनता आर्थिक रूपमा कमजोर हुनेहुँदा सहकारीको माध्यमबाट त्यी वर्गलाई आर्थिक रूपमा सक्षम बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्न सकिन्छ भनेर सोही अनुरूप समय सापेक्ष विविध गतिबिधि गर्दै सदस्यहरूको व्यक्तित्व बिकास गर्दै यो संस्थाले सामाजिक उत्तरदायित्व बहन गर्दै आइरहेको छ ।

कुनै पनी संस्थाको प्रगती तथा सफलतामा संस्थाको सञ्चालक, ब्यबस्थापन र सदस्यहरूको बिचमा राम्रो सम्बन्ध हुनु अति आवश्यक छ । सदस्यहरूले संस्थाको सेवा र सुविधामा अनुशासित आर्थिक कारोवार गर्नुपदर्छ भने सञ्चालक एवम् व्यवस्थापनबाट सदस्य मैत्री वातावरण सिर्जना गरी सेवा सुविधा प्रदान गर्नुपदर्छ । आर्थिक कारोवारको बलियो कडी भनेकै अनुशासित कारोवार र पारदर्शिता नै हो । सहकारी ऐन नियम, संस्थाको विनियम र मूल्य मान्यतालाई अक्षरस पालना गर्दै सञ्चालक समिति, उपसमिती र कर्मचारीले निर्णयअनुसार काम कारवाही गरे नगरेको तथा अन्य गतिविधिहरूको निरिक्षण गर्दै संस्थालाई सहि बाटोमा हिँडाउनको लागि लेखा सुपरीवेक्षण समितिबाट सुक्ष्म अध्ययन निरिक्षण गर्ने गरिएको छ । सोहि कार्यकालागी सदस्यहरूले जुन विश्वासका साथ कार्य भारको जिम्मवारी दिनुभएको छ त्यसलाई आत्मसाथ गर्दै आ.व. २०८२/०८३ मा थुप्रै पटक बैठक बसेतापनि लिखित रूपमा ४ पटक र ४ पटक संयुक्त रूपमा बैठक बसी संस्थाको हरेक गतिबिधिहरूलाई सुक्ष्म अध्ययन गरी समय समयमा संस्थाको त्रैमासिक समीक्षा बैठकमा मौखिक एवम् लिखित सल्लाह सुझाब दिँदै आइरहेको कुरा यस गरिमामय साधारण सभामा जानकारी गराउन चाहन्छु ।

आदरणिय सेयर सदस्य महानुभाबहरू, १० औँ बार्षिक साधारण सभामा यस लेखा सुपरीवेक्षण समितिको आ.व. २०८२/०८३ को प्रतिवेदन बुँदागत रूपमा प्रस्तुत गर्न चाहन्छु ।

१. **अघिल्लो साधारण सभाको निर्णयहरूको कार्यान्वयनको अवस्था ।**
संस्थाको अगिल्लो साधारण सभाको निर्णयहरू कार्यान्वयन भएको पाइयो।

२. **आ.व. २०८२/०८३ मा सञ्चालकसमितिको बैठक सङ्ख्या र निर्णय कार्यान्वयनको अवस्था**

- सञ्चालक समिति — १४ पटक
- लेखा तथा सुपरिवेक्षण समिति — ३ पटक
- शिक्षा उपसमिति — ६ पटक
- महिला उपसमिति — ५ पटक
- ऋण उपसमिति — २० पटक

- कार्यालय व्यवस्थापन उपसमिति ६ पटक
- कृषि उपसमिति ५ पटक
- सामाजिक तथा साँस्कृतिक उपसमिति ४ पटक
- समीक्षा बैठक ४ पटक
- निर्णयहरू कार्यान्वयन भएको देखिन्छ ।

३. **ऋण लगानीको प्रक्रिया, ऋण वापतको सुरक्षण वा धितोसम्बन्धी व्यवस्था:**

संस्थाद्वारा ऋण लगानी दुई किसिमबाट हुने गरेको देखिन्छ ।

(क) **अचल सम्पत्ति धितो जमानतमा ऋण लगानी ।**

(ख) **बचतको आधारमा ऋण लगानी ।**

(क) **अचल सम्पत्ति धितो जमानतमा ऋण लगानी :**

अचल सम्पत्ति धितो जमानतमा ऋण लगानी गर्दा ब्यवस्थापन तर्फबाट रु. १०,००,०००।०० (दश लाख रुपैँया) सोभन्दा माथि ऋण उपसमितिको बैठकबाट धितो मूल्याङ्कन गरी अधिकतम रु. ५०,००,०००।- (पचास लाख रुपैँया) सम्म ऋणी वा एकाघर परिवारको नाममा रहेको अचल सम्पत्ति मालपोत कार्यालयमा संस्थाको नाममा दृष्टिबन्धक रोक्का राखी ऋण लगानी गर्ने र यसरी गरिएको ऋण लगानीलाई सञ्चालक समितिको बैठकबाट अनुमोदन गर्ने गरिएको देखिन्छ । साथै, रु. ५०,००,०००।- (पचास लाख रुपैँया) देखिमाथि रु.६५,००,०००।०० सम्म संस्थाले सदस्यको ब्यवसाय प्रबर्धनकालागि परियोजनाको आधारमा सञ्चालक समितिको बैठकबाट स्विकृत गरी ऋणी वा एकाघर परिवारको नाममा रहेको अचल सम्पत्ति मालपोत कार्यालयमा संस्थाको नाममा दृष्टिबन्धक रोक्का राखी लगानी गरिएको देखिन्छ।

(ख) **बचतको आधारमा ऋण लगानी :**

बचतको आधारमा गरिने ऋण लगानी अन्तर्गत सदस्यको नाममा संस्थामा बचत भएको रकममा रु. ५,०००।- (रु. पाँच हजार मात्र) वा बचत रकम रु. १०,०००।- (रु. दश हजारमात्र) भन्दा बढी हुने सदस्यलाई बचत रकमको आधा रकम थप गरी अधिकतम रु ३,००,०००।०० (तिन लाख) सम्म लगानी गरिने, साथै संस्थाको सेयर सदस्य जमानी बसेको अवस्थामा जमानी बस्ने सदस्यको बचत रकम बराबर थप ऋण लगानी गरिने गरिएको देखिन्छ ।

४. **नियामक निकायबाट जारी गरिएका मापदण्डहरूको पालनासम्बन्धी संक्षिप्त विवरण :**

यस संस्था आधिकारिक रूपमा राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा दर्ता भएको छ। राष्ट्रिय सहकारी नियमन प्राधिकरण र सहकारी विभागबाट जारी मापदण्डहरूको अधिकतम मात्रामा पालना गर्ने प्रयत्न गरिएको देखिन्छ ।

५. **सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरिदिएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरू कार्यान्वयन सम्बन्धी विवरणहरू:**

यस आर्थिक वर्षमा कुनैपनि निकायबाट अनुगमन भएको पाईएन।

६. **पदाधिकारीहरूको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरूको विवरण:**

सञ्चालकसमितिका पदाधिकारीहरूले निम्नानुसार सुविधाहरू लिने गरिएको देखिन्छ ।

६.१ पारिश्रमिक : छैन ।

६.२ बैठक भत्ता : रु. १५०० प्रति बैठक (कर सहित)

६.३ अन्य सुविधाहरू : छैन ।

७. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरू:

७.१. साधारण सभाबाट पारित कर्मचारी प्रशासनसम्बन्धी नियमावली भए/नभएको: भएको ।

७.२. कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको/नल्याइएको : ल्याइएको ।

७.३. भर्ना प्रक्रिया पारदर्शी र प्रतिस्पर्धी भएको/नभएको : पारदर्शी र प्रतिस्पर्धी भएको ।

७.४. कार्यरत कर्मचारीहरू र कार्यबोझबिच तादाम्यता रहेको/नरहेको : रहेको ।

७.५. व्यवस्थापन प्रमुखको योग्यता र क्षमतासम्बन्धी विवरण:

योग्यता : स्नातकोत्तर तह

क्षमता : लेखा तथा कम्प्युटरसम्बन्धी ज्ञान भएको ।

७.६. कर्मचारीहरूको भर्ना प्रक्रिया र सङ्ख्या :

सङ्ख्या : १० जना (पुरुष ४, महिला ६)

भर्ना प्रक्रिया : छनोट समिति गठन गरी छनोट समितिको निर्णयअनुसार विज्ञापन प्रकाशित गरी लिखित र मौखिक परीक्षा प्रणालीबाट कर्मचारीहरूको भर्ना गरिएको देखिन्छ ।

७.६.१. करार : २ जना ।

७.६.२. अस्थायी : छैन ।

७.६.३. स्थायी : ८ जना ।

८. लेखा सुपरीवेक्षण समितिले यस अघि दिएका सुझावहरूको कार्यान्वयनको अवस्था :

८.१ सदस्यहरू केन्द्रित कार्यक्रम निरन्तर रूपमा सञ्चालन गरिएको ।

८.२ ऋण लगानी तथा अशुलीलाई थप प्रभावकारी बनाउन पहल गरिएको ।

८.३ सञ्चालक समिति, उपसमिति र कर्मचारीहरूलाई तालिमको ब्यवस्था गरिएको।

९. लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विरणहरू:

९.१. संस्थाले गत आ.व.मा अर्थतन्त्रमा प्रतिकुल असर परेतापनि सहज सेवा तथा सुविधा प्रदान गरेको छ ।

९.२. आ.व. २०८२/०८३ को वित्तीय विवरण निम्न बमोजिम देखिन्छ ।

बिवरण	२०८१/०८२	२०८२/०८३	बृद्धि/कमी रकम	प्रतिशत
सेयर पुँजी	३,०९,७०,९००।००	३,१७,१९,५००।००	७,४८,६००।००	२।४१७
निक्षेप हिसाब	३४,२१,७५,७१०।७	३८,१७,८९,३९५।५१	३,९६,१३,६८४।८६	११।५८
अन्य लगानी हिसाब	५६,७८,७७२।९४	५७,९५,१५८।७१	१,१६,३८५।७७	२।०४९
ऋण लगानी	२८,०१,९६,५३५।००	२६,६९,०३,५३१।१३	(१,३२,९३,००३।९	(४।७४
स्थिर सम्पति	८,७५,४९६।००	८,२६,९३४।००	(४८,५६२।००	(५।५५
आम्दानी	३,७५,३१,१७२।१४	३,५७,३३,४३२।७२	(१७,९७,७३९।४२	(४।७९
खर्च	२,८०,८१,७९७।०८	२,५८,७७,८३०।१५	(२२,०३,९६६।९३	(७८५
बचत / नाफा कर अघिको	९४,४९,३७५।०६	९८,५५,६०२।५७	४,०६,२२७।५१	४।२९९
कुल सम्पति	४१,१४,९४,८७९।७	४५,४६,६१,०३६।१६	४,३१,६६,१५६।५१	१०।४९

१०. **लेखा सुपरिवेक्षण समितिको सुझावहरू:**

यस समितिले साधारण सभा मार्फत केही सुझावहरू प्रस्तुत गर्नु सान्दर्भिक देखी सुझावहरू प्रस्तुत गरिएको छ ।

१०.१ सदस्य शिक्षा कार्यक्रमलाई जोड दिनुपर्ने ।

१०.२ सदस्यहरूको संख्या हेरेर घुम्ती सेवा दिनुपर्ने ।

१०.३ समय सापेक्ष विद्युतीय कारोवार प्रणालीलाई प्रविधियुक्त बनाई सदस्यहरूलाई दिने सेवा सुविधालाई सहजिकरण गर्नुपर्ने ।

१०.४ संस्थाको विनियम, कार्यविधि तथा विभिन्न नीतिहरू सहकारी ऐन नियम बमोजिम संशोधन गर्नुपर्ने ।

१०.५ सहकारीसम्बन्धी तालिमहरूको आयोजना गरिनुपर्ने ।

अन्त्यमा, हामीले अध्ययन गरेर तयार गरेको प्रतिवेदन यस गरिमामय साधारण सभामा प्रस्तुत गरेका छौं । सदस्यज्यूहरूको अन्य सल्लाह सुझाव भएमा हामी आत्मसाथ गर्नेछौं ।

संस्थाको १० औं वार्षिक साधारण सभा सम्पन्न हुन गइरहेको यस सुखद र उत्साहप्रद घडीमा संस्थाका सेयर सदस्यज्यूहरू, संस्थाका सल्लाहकारज्यूहरू, सञ्चालकसमिति र अन्य उपसमितिका पदाधिकारी एवं सदस्यज्यूहरू, कार्यक्रमलाई व्यवस्थित र मर्यादित बनाउने सम्पूर्ण कर्मचारी मित्रहरू र संस्थालाई माया गर्ने शुभेच्छकज्यूहरूलाई धन्यबाद ज्ञापन गर्दै यहि आउँदो २०८३ सालको हिन्दुहरूको महान चाड विजया दशमी, दिपावली र विभिन्न जातजातीका विविध पर्वहरूको पावन अवसरमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं ।

धन्यवाद ।

"जय अटल पाँचकुण्ड सहकारी"

लेखा तथा सुपरीवेक्षण समिति
संयोजक : बिष्णु प्रसाद शर्मा
सदस्य : विजुली माया श्रेष्ठ
सदस्य : राजेन्द्र तिमल्सिना

SHRESTHA SUNIL & ASSOCIATES
Chartered Accountants

स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन,

शेयर सदस्य महानुभावहरु,

अटल पाँचकुण्ड बचत तथा ऋण सहकारी संस्था लिमिटेड,

धुलिखेल–४, काभ्रेपलान्चोक

कैफियत सहितको राय,

हामीले **अटल पाँचकुण्ड बचत तथा ऋण सहकारी संस्था लिमिटेड** (यस पछि **"संस्था"** भनिएको छ) यसै साथ संलग्न मिति २०८३ आषाढ मसान्तको वित्तीय स्थिति विवरण (वासलात), सोही मितिमा अन्त्य भएको आर्थिक वर्ष २०८२/०८३ को नाफा वा नोक्सान तथा अन्य विस्तृत आम्दानीको विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण तथा वित्तीय विवरणहरुसंग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको राय व्यक्त गर्ने आधारहरु खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक संलग्न वित्तीय विवरणहरुले संस्थाको २०८३ आषाढ मसान्तको वित्तीय अवस्था र सोहि मितिमा अन्त्य भएको आर्थिक वर्षको नाफा वा नोक्सान तथा अन्य विस्तृत आम्दानीको अवस्था, नगद प्रवाह र इक्विटीमा भएको परिवर्तनको अवस्था प्रचलित कानुनको अधिनमा रही साना तथा मझौला निकायहरुको लागि नेपाल वित्तीय प्रतिवेदन मान (NFRS for SMEs) बमोजिम उचित र यथार्थ चित्रण गर्दछ ।

कैफियत राय व्यक्त गर्ने आधारहरु,

हामीले लेखापरीक्षणको सर्वमान्य सिद्दान्त तथा नेपाल लेखापरीक्षण मानको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौ । वित्तीय विवरण सारभूतरुपमा गलत आँकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि ती लेखापरीक्षण मान अनुसार लेखापरीक्षण योजना तयार गरी तदअनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । सो अनुरुप हाम्रो जिम्मेवारी यस प्रतिवेदनको वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको दायित्व खण्डमा उल्लेख गरिएको छ ।

हामी नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाले जारी गरेको आचार संहिता (Code of Ethics) बमोजिम संस्थाबाट स्वतन्त्र छौं र सो आचार संहिता बमोजिम हामीले आचरणगत जिम्मेवारी बहन गरेका छौं । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षकको राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौ ।

साना तथा मझौला निकायहरुको लागि नेपाल वित्तीय प्रतिवेदन मानको आधारमा तयार गरिएका वित्तीय विवरणहरुमा असर पार्ने विषयहरु:

- ऋण नोक्सानीमा निहित जोखिमलाई न्युनिकरण गर्न संस्थाद्वारा गरिएका कर्जा लगानीहरुलाई राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्वारा जारी गरिएको नियामकीय मापदण्ड बमोजिम कर्जा लगानीलाई किस्ता/व्याज भुक्तानी अवधिका आधारमा असल, कमसल, शंकास्पद तथा खराब ऋणमा वर्गिकरण गरी क्रमागत रुपमा १, २५, ५० र १०० प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने प्रावधान अनुरुप संस्थाद्वारा कुल ऋण नोक्सानी कोष रु २,७३,६२,६६५.६३ व्यवस्था गर्नु पर्नेमा संस्थाद्वारा रु ८९,७५,८०८.८७ मात्रै व्यवस्था गरिएको पाइयो जस अनुरुप ऋण नोक्सानी कोष रु १,८३,८६,८५६.७६ ले कम रहेको पाइयो ।

- संस्थाको विद्यमान मानव संसाधन नीति बमोजिम २०८२ आषाढ मसान्त सम्म कर्मचारी उपदान दायित्व रु २८,१०,६६६.८४ रहेकोमा कर्मचारी उपदान कोषमा रु १५,४०,२९६.२४ मात्र व्यवस्था गरिएको छ ।

Shrestha Sunil & Associates ★ Chartered Accountants ★

Contact No: +977-9851238831
Email: info@sns-associate.com, cashresthasunil@gmail.com
New Baneshwor, Opposite Baneshwor Banquet, Kathmandu, Nepal

लेखापरीक्षणको मुख्य विषयहरु, (Key Audit Matters)

